दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ७० | बुटवल | २०८१ फागुन २१, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Mar. 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# ख्याहाको वनमा डढेलो



*पाल्पा । पाल्पाको देउराली र ख्याहाको सिमानामा मंगलबार अपराह्नदेखि डढेलो लागेको छ ।*

*रिब्दीकोट गाउँपालिका- १ र २ को संसारकोट डाँडामा लागेको डढेलो निभाउने प्रयास जारी रहे पनि नियन्त्रणमा आउन नसकेको स्थानीय पत्रकार रामप्रसाद न्यौपानेले जानकारी दिए ।*

*डढेलो नियन्त्रणमा लिन नेपाली सेना, प्रहरी, स्थानीय बासिन्दाले निरन्तर काम गरे पनि नियन्त्रण हुन सकेको छैन ।*

*उनका अनुसार हार्थोकदेखि देउराली हुँदै ख्याहा जोड्ने सडकअन्तर्गत तल्लो र माथिल्लो भागमा अपराह्न १ बजेतिरबाट डढेलो सुरु भएको हो । सल्लाको जंगलमा लागेको डढेलो नियन्त्रणमा लिन तानसेन नगरपालिकाको दमकल, नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी, सब-डिभिजन कार्यालयका कर्मचारी, स्थानीय बासिन्दा, जनप्रतिनिधि खटिएका छन् ।*

*ख्याहाको गैरागाउँ, देउरालीको पोखरडाँडा, लघुवा, डम्बक लगायतका गाउँ डढेलोको जोखिममा छन् । खानेपानीको मुहान, ट्र्यांकी, विद्युत ट्रान्सफर्मर जोगाउन सकिए पनि नियन्त्रणमा लिन नसकिएको स्थानीयले बताए । देउरालीको पोखरडाँडा क्षेत्र जोखिममुक्त भएको छ भने ख्याहाको गैरागाउँ, देउरालीको डम्बक र लघुवा अझैं पनि जोखिममा रहेको छ । डढेलो ख्याहाको मधुवन सामुदायिक वन र देउरालीको लेक सामुदायिक वन क्षेत्रमा लागेको रिब्दीकोट गाउँपालिका उपाध्यक्ष कान्ता अधिकारीले बताइन् ।*

*दुई वटा सामुदायिक वनका झण्डै १० हेक्टर डढेलोले सखाप पारिसकेको र जंगलमा अझैं डढेलो लागेको डिभिजन वन कार्यालय पाल्पाले जनाएको छ ।*

*तस्विरः नेपाली सेना*

### आज पेश हुने पाँच अध्यादेश पारित गर्न

## कांग्रेस र एमालेद्वारा ह्वीप जारी

बुटवल । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले आफ्ना सांसदहरुलाई संसद बैठकमा अनिवार्य उपस्थित हुन र अध्यादेशको पक्षमा मत हाल्न ह्वीप जारी गरेका छन् ।

बुधबार बस्ने संसदको बैठकमा अध्यादेश पेश हुने भएपछि कांग्रेस र एमालेले आफ्ना सांसदहरुलाई संसद बैठकमा अनिवार्य उपस्थितिका लागि ह्वीप जारी गरेका हुन् ।

जनता समाजवादी पार्टी नेपाल र लोसपाको आग्रहमा सरकार विभिन्न ६ अध्यादेशहरुमध्ये भूमिसम्बन्धी अध्यादेश रोकेर अरु ५ वटामात्रै अध्यादेश पारित गराउन सहमत भएको हो ।

सरकारले ल्याएका अध्यादेश बुधबार नै संसदमा पेश हुने भएका छन् । मंगलबार बसेको संसद्को कार्यव्यवस्था तथा परामर्श समितिको बैठकमा अध्यादेश फागुन २१ गते बस्ने प्रतिनिधिसभाको बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय भएको हो ।

## ललिता निवासको फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा



बुटवल । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवास जग्गा अनियमितता प्रकरणमा दोषी ठहर भएका र सफाइ पाएकाहरुविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ ।

दोषी ठहर भएकाहरुलाई बढी सजाय हुनुपर्ने अनि सफाई पाएकाहरुलाई दोषी ठहर गर्नुपर्ने माग राखेर अख्तियारले सर्वोच्चमा पुनरावेदन दर्ता गरेको हो ।

ललिता निवास प्रकरणका ११० जना आरोपितविरुद्ध नै अख्तियार सर्वोच्च अदालत पुगेको छ । अख्तियारले अरु ६५ जना जग्गाधनीहरुको जग्गा जफत हुनुपर्ने माग राखेर पुनरावेदन दर्ता गरेको हो ।

ललिता निवास जग्गा प्रकरणमा मुछिएका आरोपितहरुलाई कम सजाय गर्ने र कतिपयलाई सफाइ दिने विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको अख्तियारको दाबी हो ।

## बलहियामा अध्यागमन कार्यालय भवन उद्घाटन



**लुम्बिनी संवाददाता**

*भैरहवा*

रूपन्देहीको बलहियामा नवनिर्मित अध्यागमन कार्यालय भवन उद्घाटन भएको छ । गृहमन्त्री रमेश लेखकले अध्यागमन कार्यलयको उद्घाटन गरेका हुन् ।

अध्यागमन विभागका सहायक निर्देशक टिकाराम ढकालका अनुसार भ्याटसहित १० करोड २५ लाख लागतमा कार्यालय भवन निर्माण गरिएको हो । भगवती गौरीशंकर जेवीले निर्माण गरेको उक्त भवन बेसमेन्टसहित ६ तल्लाको छ । अपांगमैत्री र भूकम्प प्रतिरोधी रहेको यो कार्यालय भवनमा अग्नि नियन्त्रण उपकरण जडित छ । यहाँबाट विदेशी नागरिकलाई आगमन, प्रगामन, पर्यटक भिसा जारी र नविकरण गर्ने, एनआरएन भिषा जारी र नविकरणलगायतका काम हुँदै आएका छन् । कार्यालयका अनुसार सन् २०२४ मा स्थलमार्ग बेलहिया नाका हुँदै ९२ हजार तेस्रो मुलुकका पर्यटक नेपाल आएका छन् भने ९३ हजार फिर्ता भएका छन् । यसबाट अध्यागमन कार्यालय, बेलहियाले १३ करोड राजस्व संकलन गरेको छ ।

भवन उद्घाटन गर्दै गृहमन्त्री लेखकले अद्यागमनमा कार्यरत कर्मचारीहरुले पर्यटक र आम सेवाग्राहीलाई नम्र, सरल र मिठासपूर्ण व्यवहार गर्नुपर्ने बताएका छन् । उनले कर्मचारीहरुको व्यवहारले मुलुकको अवस्था बताउने भन्दै सचेत भएर राम्रो सौहार्दपूर्ण तरिकाले सेवा दिन आग्रह गरे । उनले अतिथिलाई गर्ने स्वागत राम्रो हुनुपर्नेमा जोड दिए ।

'अयागमन भनेको मुलुकको ऐना हो', उनले भने-'कर्मचारीहरुले सेवा दिँदा सभ्यता र विनम्रता पूर्वक ढंगले दिनुपर्छ । कहिलेकाही पर्यटक र अन्य सेवाग्राही कागजी प्रक्रिया नमिलेपछि रिसाउन सक्छन्, तर यस्तोबला हाम्रो व्यवहार विनम्रता पूर्वक प्रस्तुत हुनुपर्छ । सेवाको भावनाले काम गर्नुपर्छ । कुनै पनि कर्मचारीले रिसाउने र सेवाग्राहीलाई गलत व्यवहार गर्न हुँदैन । यस्तो छुट कसैलाई पनि छैन ।' उनले कार्यालयहरुमा हुने व्यवहारबाट सेवाग्राहीले सहज सेवा पाए २० जनालाई राम्रो भन्ने तर एकजनाले पनि दुःख पाए त्यसले धेरैलाई नराम्रो प्रभाव पार्नसक्ने जनाए । 'त्यसैले पर्यटनको बिकास गर्न पनि सबैलाई राम्रो र असल व्यवहार गर्न जरुरी छ ।'-गृहमन्त्री लेखकले भने ।

उनले अध्यागमनमा जस्तो व्यहार हुन्छ, नेपालबारे पर्यटकले त्यही बुझ्ने बताए ।

» **बाँकी ३ पेजमा**

## सबै भ्रष्टाचारका काण्डहरूको छानबिन गरौं : केसी




**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका नेता एवं प्रतिनिधि सभा सदस्य अर्जुननरसिंह केसीले संविधान संशोधनका लागि सर्वदलीय समिति बनाएर सहमति खोज्नुपर्ने बताएका छन् ।

उनले संसदभित्र रहेका दलहरु मात्र नभई संसद बाहिर रहेका दल समेतलाई समेटेर सर्वदलीय समितिमा व्यापक छलफल गरेर निश्कर्षमा पुग्नुपर्ने बताए ।

नेपाल प्रेस युनियन रुपन्देहीले बुटवलमा गरेको पत्रकार सम्मेलनमा बोल्दै केसीले २०८७ सालमा संविधान संशोधन गर्छौं भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको भनाई जनतालाई सोझै झुक्याउने कुरा भएको टिप्पणी गर्दै अहिल्यैबाट प्रकृया थाल्नुपर्ने बताए ।

'२०८७ मा संविधान संशोधन गर्छौं भन्नु सोझै जनता झुक्याउने विषय हो, सरकार बनाउँदा कांग्रेस र एमालेबिच भएको ७ बुँदे सहमति विपरीत पनि हो,' नेता केसीले भने-'संविधान संशोधनका लागि अहिल्यैबाट प्रकृया थाल्नुपर्छ, पहिला सत्तारुढ दलभित्र पनि छलफल हुनुपर्छ त्यसपछि संसदभित्र रहेका र संसद बाहिर रहेका दलहरुपनि समेटेर सर्वदलीय समिति बनाएर व्यापक छलफलबाट निचोड निकाल्नुपर्छ ।'

नेता केसीले सरकारले ७ बुँदे सहमतिअनुसार प्रभावकारी ढंगले काम गर्न नसकेको र सरकारमा कांग्रेसको अनुहार कमजोर देखिएको टिप्पणी गरे ।

नेता केसीले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र हालको समानुपातिक प्रणालीको पनि विकल्पमा जानुपर्ने बताए ।

पूर्व राजा ज्ञानेन्द्र शाहले फागुन ७ गते दिएको वक्तव्यका सन्दर्भमा पत्रकारले सोधेको प्रश्नमा नेता केसीले पूर्व राजा पनि नेपाली नागरिक भएकाले संविधानको सीमामा रहेर आफ्ना कुरा राख्दा आत्तिनु र टिकाटिप्पणी गर्नु नपर्ने बताए ।

» **बाँकी ३ पेजमा**

बुद्धभूमि नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## वातावरण जोगाउन जिम्मेवार होऊ

वातावरण जोगाउने सवाल मान्छेको जीवनयापन सहज बनाउनका लागि हो । मानव जीवन सहज र सरल बनाउन वातावरण जोगाउन सक्दा मात्रै संभव छ । भावी पुस्ताको भविष्य सुनिश्चित वातावरण जोगाउन सक्दा मात्रै संभव छ । तर वातावरण जोगाउने विषयलाई सरकारले संवेदनशील रूपमा लिएको छैन । लुम्बिनी प्रदेश सरकारको स्थायी संगठनात्मक संरचनामा वन तथा वातावरण मन्त्रालय र मातहतका निकायमा १२ सय जनशक्तिमध्ये एक जना वातावरण निरीक्षकको दरबन्दी कायम हुनु वातावरणप्रति जिम्मेवारीबोध नहुनु हो ।

प्रदेशमा स्थापना हुने उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) स्वीकृति प्रदेश सरकारले गर्नुपर्छ । सामुदायिक र अन्य वनहरुको योजना स्वीकृति उद्योगहरुको वातावरणीय अनुगमनलगायतका काम प्रदेशबाटै गर्ने संवैधानिक प्रबन्ध छ । प्रदेशमा रहेका उद्योग, संस्थान, मेडिकल कलेजहरुले गर्न सक्ने प्रदूषणबारे अनुगमन गरी कारबाहीका लागि संघमा सिफारिस गर्ने अधिकार प्रदेश सरकारलाई छ । यो अधिकारको प्रयोग जनशक्ति व्यवस्थापन गर्न सक्दा मात्रै संभव छ । वनका दरबन्दीबाटै वातावरणको काम चलाउन खोजिएको हो भने काम कुरा एकातिर कुम्लो बोकी ठिमितिर भनेभैंं हुन्छ ।

वातावरण जोगाउन सक्दा मात्रै मान्छे जोगिने हो । अरु प्राणीको जीवन जोगिने हो । अरु प्राणी जोगिन सक्दा मात्रै मान्छेको जीवन सुरक्षित र सहज हुने हो । विकास पूर्वाधार निर्माणमा खेलाँची हुँदा वातावरणीय जोखिम बढेको छ । जलवायु परिवर्तनको असर चौतर्फी देखिन थालेको छ । बढ्दो प्रदूषणको असर समाजले भोगिरहेको छ । वातावरण संरक्षण भन्ने बित्तिकै कतिपय अवस्थामा वन जोगाउनु हो भन्ने बुझाई स्थापित छ, तर वन जोगाउनु मात्रै वातावरण संरक्षण होइन्, वन जोगाउने विषय एउटा पाटो हो । समाजमा वातावरणका मुद्दा धेरै छन्, जुन वनसँग मात्रै सम्बन्धित छैनन् । वातावरणको सवाल जब सरकारको प्राथमिकतामा पर्दैन, दीगो विकासको कल्पना गर्न सकिंदैन । वातावरण केवल गैरसरकारी संस्थाले उठाउने विषयमात्रै होइन ।

सरकारले एउटा वातावरण निरीक्षक परिचालन गरेर यस क्षेत्रमा केही नतिजा हासिल गर्न सक्तैन । वातावरणप्रति सरकार संवेदनशिल हो र केही नतिजा देखाउन खोजेको हो भने तत्काल कम्तिमा मन्त्रालयको वातावरण शाखा व्यवस्थित ढंगले चल्ने अवस्था श्रृजना गर्नुपर्छ । संघीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकारले कामकाज गर्न थालेको सात वर्ष भयो अहिलेसम्म मन्त्रालयको वातावरण शाखा व्यवस्थित नहुनुले वातावरणप्रति सरकारको भूमिकामै प्रश्न उठेको छ । अनावश्यक र बोझिला संरचना हटाउँदै आवश्यक र नतिजा दिने खालका संरचनामा दरबन्दी थप्दा प्रदेश सरकारको औचित्य स्थापित हुनेछ ।

# पसल बेचेर कृषिकर्ममा लागेका श्रेष्ठ



**राधिका भुसाल**
*प्यूठान*

पछिल्लो समय ऐरावती गाउँपालिकामा व्यवसायिक कृषिखेती गर्नेहरुको संख्या बढ्दै गएको छ । युवापीढिमा पनि कृषि पेशाप्रति आकर्षण बढ्न थालेको हो । ऐरावती गाउँपालिका वडा नं. ६ अर्लावाङ्गका जयगोपल श्रेष्ठले कृषिकर्मलाई निकै मेहनतका साथ अगाडि बढाएका छन् ।

करिब २० वर्ष नेपालगन्जमा जुत्ता चप्पलको पसल गरेका उनी एकाएक आफ्नै गाउँ फर्केर कृषि पेशामा लागेको बताउँछन् । '२०७२ सालमा गाउँ फर्किएर बाख्रा पालन सुरु गरेको थिए,' कृषक श्रेष्ठले भने-'सुरु सुरुमा एक सय बोयर जातका बाख्रा पालेर वार्षिक ५ लाखसम्म आम्दानी पनि गरे ।' विस्तारै बोयर जातका बाख्राले बजार पाउन छोडेपछि बाख्रा पालन व्यवसाय धरापमा पर्दै गएको उनले सुनाए । बोयर जातका पाठापाठी बीउको लागि उचित मूल्यमा बिक्री गर्न नपाएको गुनासो पोखे । बाख्रा पालनमा केयुबिके परियोजनाले गोठ (खोर) निर्माणमा सहयोग गरेको उनले बताए । बोयर जातका बाख्रा, पाठापाठी बिक्रीको लागि बजार अभाव भएपछि बाख्रा पालन व्यवसाय घटाउँदै तरकारी खेती सुरु गरेको उनको भनाइ छ ।

**२२ रोपनी जग्गामा तरकारी फलाउँदै**

करिब ६ वर्ष बाख्रा पालन गरेका उनले बाख्रा पालन भन्दा तरकारी खेतीमा सम्भावना देखेको बताए । २०७८ सालदेखि तरकारी खेती, लोकल कुखुरा र भैंसी पालन गर्दै आएका छन् । 'एउटा टनेलबाट तरकारी खेती सुरु थिए,' उनले भने- 'अहिले १५ वटा टनेलमा तरकारी फैलाएको छु ।' हिजोआज दैनिक टमाटर मात्र ४० किलो बिक्रीका लागि तयार हुने गरेको उनी बताउँछन् । उनले २२ रोपनी आफ्नै जमिनमा मौसमी तथा बेमौसमी तरकारी फलाउँदै आएका छन् । विशेष गरी टमाटर, बन्दागोपी, फूलगोपी, ब्रोकाउली, सिमि, बोडी भान्टालगायतका तरकारी लगाउने गरेको श्रेष्ठ बताउँछन् । 'तरकारीसँगै एक सय जति लोकल कुखुरा र ठुलासाना गरी ५ वटा भैंसी पालेको छु,' कृषक श्रेष्ठले भने- 'तयार भएका लोकल कुखुरा बेच्दै प्रत्येक महिना एक सयका दर थप्ने योजना गराएको छु ।' लोकल कुखुराले राम्रो बजार पाउने गरेको उनले सुनाए । ऐरावती एग्रो जोन नामक फर्म दर्ता गरी २ लाख लगानीमा व्यवसायीक कृषि सुरु गरेको श्रेष्ठको भनाइ छ ।

उनले मल्चीङ, थोपा सिँचाइ जस्ता आधुनिक प्रविधि पनि प्रयोग गर्दै आएका छन् । स्थानीय तहले उत्पादनको बजारीकरण सुनिश्चित गरेमा पालिकाको आन्तरिक स्रोत वृद्धि हुनुका साथै कृषि पेशाप्रति आत्मनिर्भर हुनसक्ने उनी बताउँछन् ।

उनले कालिका विकास केन्द्रको (विलिफ) परियोजनाको सहयोगमा कीटनाशक झोल मल बनाउनुका साथै गड्यौला खेती पनि गरेका छन् । उनका छोरा अमेरिकामा सूचना प्रविधि विषयमा स्नातक तह अध्ययन गर्दै छन भने २ छोरी र श्रीमती काठमाडौंमा छन् । उमेरले ४७ मात्रै पुगेका श्रेष्ठ बुवाआमासँग गाउँमा कृषिकर्म गर्दै आएका छन् ।

# मिटरब्याजी पीडितद्वारा दुई जनाको घरजग्गा कब्जा



नवलपुर । नवलपुरका मिटरब्याजी पीडितहरुले मंगलबार २ जनाको घरजग्गा कब्जा गरेका छन् ।

कावासोती १७ निवासी मिटरब्याजी पीडित सोमिया महतो र कावासोती १४ निवासी माया गिरीको घरजग्गा मिटरब्याजी पीडकहरुले कानुनी रुपमा घर जग्गा आफ्नो नाममा गराएपछि पीडितहरुले उक्त घरजग्गा कब्जा गरेको हो ।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन संघर्ष समिति नवलपुरका अध्यक्ष सारदा पौडेलका अनुसार सोमिया महताको घर जग्गा चन्दा महतो र माया गिरीको जग्गा लक्ष्मी वाग्लेले कानुनी रुपमा आफ्नो नाममा गरेको छ ।

सोमिया महतोले चन्दा महतोसँग ४ लाख रुपैयाँ लिएकोमा ३५ लाख रुपैयाँ तिर्दासम्म ऋण चुक्ता नभएको र अझैं ९ लाख रुपैयाँ भुक्तान पाउन बाँकी रहेको कागज गराएको र माया गिरीले लक्ष्मी वाग्लेसँग १२ लाख लिएकोमा १८ लाख भुक्तान गर्दा पनि अझैं २२ लाख ८० हजार रुपैयाँ तिर्न बाँकी भएको कागज गराएको छ ।

नवलपुर जिल्ला अदालतमा पीडक पक्षहरुले मुद्दा हालेर पीडक पक्षले मुद्दा जितेपछि आफूहरु उक्त फैसालाविरुद्ध घर जग्गा कब्जा गर्ने अभियानमा लागेको अध्यक्ष सारदा पौडेलले बताइन् ।

मंगलबार उनीहरुले २ जनाको घरजग्गा फिर्ता पाउनु पर्ने माग गर्दै कब्जा गरेको हो । उनीहरुले थप आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

# नेप्से परिसूचक ३० अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार ३० दशमलव ३६ अङ्कको गिरावट देखिएको छ । यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेप्से परिसूचक सोमबार र मंगलबार निरन्तर दोहोरो अङ्कले घटेको हो । एक दशमलव ०५ प्रतिशतको गिरावटपछि नेप्से परिसूचक दुई हजार ८४६ दशमलव ३० को विन्दुमा कायम भएको छ ।

तीन सय १८ कम्पनीको दुई करोड ६३ लाख ८९ हजार ९१० कित्ता सेयर एक लाख २२ हजार ३३६ पटक खरिदबिक्री हुँदा रु १२ अर्ब ९४ करोड ६४ लाख ९३ हजार बराबरको कारोबार भएको छ । आजको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ एक दशमलव ०५, विकास बैङ्क शून्य दशमलव ३९, वित्त दुई दशमलव १०, होटल तथा पर्यटन शून्य दशमलव ९७ र जलविद्युत् समूह एक दशमलव ०८ प्रतिशतले घटेको छ ।

त्यसैगरी लगानी एक दशमलव ७५, जीवन बिमा शून्य दशमलव ६९, उत्पादन तथा प्रशोधन दुई दशमलव २१, लघुवित्त एक दशमलव ४१, म्युचुअल फन्ड शून्य दशमलव ५५, निर्जीवन बिमा एक दशमलव ११, व्यापार शून्य दशमलव ८४ र अन्य समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ ।

गार्डियन माइक्रोलाइफ इन्सुरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छभने सिन्धु विकास बैङ्क लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्सुरेन्स लिमिटेडको रु एक अर्ब नौ करोड ३० लाख ७८ हजार ९८३ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रोपावर लिमिटेडको १३ लाख १७ हजार ८४२ कित्ता सेयर किनबेच भएको छ ।


**Gandaki Provincial Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Nawalaparasi (Bardaghat Susta East)**

## Invitation for Bids

Date of publication: 2081-11-21 BS

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites online bidsonlyunder e-procurement system from eligible bidders for the construction of Projects mentioned below underNational Competitive Bidding/Sealed EnvelopeSingle Stage Single Envelope procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S.N | Name of Project and Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | CG Sashwotdhamchau sadak nirman, Devchuli 3, Contract ID: IDO-NAW(BSE)-W-NCB-52-2081/82 | 4225405.52 | 3000 | 120000 |
| 2 | Shivalaya mandir dekhi thapa chowk hudai ratnanagar sadak starunnati Devchuli-4, Contract ID: IDO-NAW(BSE)-W-NCB-53-2081/82 | 2515085.45 | 3000 | 72000 |
| 3 | Daldale Kungsati Sadak Khandako Munde Kungsati Sadak Satrunnati, Devchuli 6, Contract ID: IDO-NAW(BSE)-W-NCB-54-2081/82 | 6625251.72 | 3000 | 190000 |
| 4 | Raikaghat Aamdanda Raudi Deurali Byagan Krishi Sadak, Boudikali 4, Contract ID: IDO-NAW(BSE)-W-SQ-06-2081/82 | 1687569.50 | 1000 | 50000 |
| | Name of Project and Contract ID | Qualification Details | | |
| 5 | Upgrading of RamaKanta Chapagaiko Ghar Dhyeki school tol hudai Ontaki Jane bato Kalopatre Sahit Nala nirman 4 Hupsekot, Sankhadev, Contract ID: IDO-NAW(BSE)-W-NCB-55-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years =64200000 Minimum Work experience of similar size and nature =17200000 | 5000 | 1200000 |
| 6 | Upgrading of Binayi Tribeni ward office 3 to Dhabaya Lohadandi Kudapani Anikarma Hudai Palpa Lumbini Pradesh Jodne Krishi Sadak Nirrantarata, Binayi Tribeni 3 hudai Palpa Jodne SadakContract ID: IDO-NAW(BSE)-W-NCB-56-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years =51300000 Minimum Work experience of similar size and nature =13700000 | 5000 | 970000 |
| 7 | Amartole kabadhall hudai shantidanda bata shanti gaira jane sadak dhalan pitch, Devchuli4 ,Contract ID: IDO-NAW(BSE)-W-NCB-57-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years =32200000 Minimum Work experience of similar size and nature =8600000 | 5000 | 605000 |
| 8 | Rayakot Bhadauri lapak jaubari vanjyang sadak (pradeshraj dhani jodni pahadi sadak), Bulingtar 5 Contract ID: IDO-NAW(BSE)-W-NCB-58-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years =64200000 Minimum Work experience of similar size and nature =17200000 | 5000 | 1200000 |
| 9 | Consstruction of Kakarsot Khola Bridge, Gaidakot Municipality, Contract ID: IDO-NAW(BSE)-W-NCB-BRD-01-2081/82 | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years =40000000 Minimum Work experience of similar size and nature =24100000 | 5000 | 1200000 |

Last date of bid submission:2081-12-22, 12:00 PM of all except S.N4,Last date of bid submission of SN 4: 2081-12-07, 12:00 PM

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank:-Rastriya Banijya Bank Ltd.

Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi( Bardaghat Susta East)

Office Code no. :- 3370146014

Office Account no(Rajaswa).: - 1000100200010000

Rajaswa (revenue) Shirshakno. : 14229

# लुम्बिनीमा पाँच सय जनाको प्रव्रज्या

लुम्बिनी। बुद्धजन्मस्थल लुम्बिनीमा ५ सय जनाको श्रामणेर (अल्पकालिन भिक्षु) प्रव्रज्या कार्यक्रम सुरु गरिएको छ। मायादेवी मन्दिर परिसरमा पाँच सय जनालाई बौद्ध धर्मगुरुहरुबाट पहेलो चीवर प्रदान गरी श्रामणेर प्रव्रज्यामा सहभागी गराइएको हो।

अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका विभिन्न संस्थाहरूको सह-आयोजनामा मंगलबार कुलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो।

संघनायक बोधीसेन महास्थविर, अखिल नेपाल भिक्षु महासंघ अध्यक्ष महास्थविर धम्म शोभन, थाई धम्मदुतका फरा उपाइयाए पभनासहित बौद्ध धर्म गुरुहरुले अल्पकालीन भिक्षुका लागि चीवर प्रदान गरेका हुन्।

प्रव्रज्या समारोहलाई सम्बोधन गर्दै नेपालका लागि थाइल्याण्डका राजदूत सुवापोङ सिरिसोर्नले बुद्ध जन्मस्थल लुम्बिनीमा बुद्धको उपदेशलाई ग्रहण गर्न पाउनु ठूलो अवसर भएको बताउँदै थाईल्याण्ड सहकार्य गर्न सधैँ तयार रहेको बताए। उनले शान्तिका लागि बुद्धको शिक्षा उपयोगी रहेको बताए।

प्रव्रज्या समारोहमा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे)ले बुद्धजन्मस्थल लुम्बिनीमा बुद्धको शिक्षालाई छोटो अवधिका लागि भएपनि व्यवहारमा लागू गर्ने कार्यक्रम महत्वपूर्ण रहेको बताए। उनले बुद्ध दर्शन समुदाय, व्यक्ति विशेष नभई मानव जीवनका लागि भएकाले यसलाई जीवनमा लागू गर्न खोज्ने कार्यमा सहभागी भएकोमा बधाई समेत दिए।

उपाध्यक्ष डा. लामाले बुद्ध दर्शन मानव दर्शन भएको बताउँदै प्रवज्यामा रहेकाहरुले जीवनको महत्वपूर्ण इतिहासमा रेकर्ड गराउन सफल भएको बताए।

अल्पकालीन भिक्षुहरूले पहेलो चीवर लगाएर बुद्ध धर्मका १० वटा नियमहरू पालना गर्नुपर्नेछ। सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले आगामि चैत ३ गतेसम्म पूर्ण रूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नु पर्नेछ। भिक्षु बन्नका लागि भने २२७ वटा नियमहरु पालना गर्नुपर्ने हुन्छ।

फागुन १४ गतेदेखि शुरु भएको प्रवज्यामा फागुन १६ गते ललितपुर स्थित अक्षेश्वर महाविहारमा केश मुन्डन गरेका थिए।

मंगलबार पहेलो चीवर लगाउन योग्य भएका श्रामणेरहरुले आफूहरुले पहेलो चिवरण ग्रहण गर्न पाउँदा निकै खुशी लागेको बताएका छन्। चिवर प्राप्त गरेका १२५० जनालाई पञ्चशिल, अष्टशिल र विनयपिटकका बारेमा जानकारी दिने र दैनिक ध्यान गराइने आयोजकले जनाएका छन्।

प्रव्रज्या सामाजिक नेपालको व्यवस्थापनमा प्रव्रज्यामा भएको कार्यक्रमअन्तर्गत बिहीबार भिक्षाटन, फागुन २४ गते लुम्बिनी उद्यानमा दीप प्रज्ज्वलन, चैत ३ गते प्रमाणपत्र वितरण गर्ने कार्यक्रम रहेको छ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।११।१३ गते नयाँ बेलहानीबाट देखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** प्रेम कुमारी थापा
**ठेगानाः** नयाँ बेलहानी – १, नवलपरासी
**बिमा लेख न. :** १५००११६८९
**मोबाइल न.:** ९७६८३७३८८०

## बलेहियामा...

उनले नाकामा बनेका पूर्वाधारहरुले रुपन्देहीको बेलहिया नाकालाई मुलुककै ठूलो नाकाका रुपमा स्थापित गरेको जनाए। मुलुकका सीमा क्षेत्रमा १३ वटा अध्यागमन कार्यालय रहेको र ती कार्यालयले पर्यटकलाई सहज बनाएको जनाउँदै उनले सेवाप्रवाह चुस्त हुनुपर्नेमा जोड दिए।

सिद्धार्थनगर नगरपालिकाका मेयर इश्तियाक अहमद खाँले लुम्बिनीको प्रवेशद्वार भएकाले यहाँको सौन्दर्यकरणमा लागिपरेको जनाए। सीमा क्षेत्रको सडक लामो समय नबन्दा धुलोले स्थानीय र पर्यटकलाई हैरानी भएको उनको भनाई छ। उनले गौतमबुद्ध विमानस्थल पूर्णक्षमतामा चल्दा र लुम्बिनीको विकास हुँदा यसले पुरै देशको विकासमा प्रभाव पार्नसक्ने बताए।

अध्यगमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजालले नाकाहरुमा आधुनिक प्रविधिको प्रयोगले पर्यटकलाई सेवा दिने गरी काम गरिरहेको जनाए। अध्यागमन कार्यालयले गुनासोरहित सेवा दिने गरी काम गरेको जनाए।

उनले रुपन्देही जिल्ला स्थलमार्ग र हवाईमार्गबाट जोडिएको भन्दै भाग्यमानी रहेको बताए। यहाँ पर्यटकको आगमन राम्रो रहेको तर बसाइँ लम्ब्याउनका लागि रणनीतिकरुपमा काम गर्नुपर्नेमा उनले जोड दिए।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले अध्यागमन प्रशासन बिस्तारै आधुनिकतातर्फ लम्किरहेको जनाए। आधुनिक प्रविधि र दक्ष कर्मचारीले सेवा प्रभावकारी भएको उनले बताए।

## सबै...

संसदको पहिलो र दोस्रो ठूलो दलको सरकार बन्दा पनि नागरिकमा निराशा र असन्तुष्टी कायमै रहेको भन्दै नेता केसीले मुलुकमा सुशासन कायम नहुनु र भ्रष्टाचार व्याप्त हुनु मुख्य कारण भएको औंल्याए। 'भ्रष्टाचारकै कारण देशमा राष्ट्रियरुपमै असन्तुष्टी निराशा र अविश्वासको स्थिति छ, यसलाई आशा र विश्वासमा बदल्न भ्रष्टाचार नियन्त्रण गरी सुशासन दिन सक्नुपर्छ,' केसीले भने-'यसका लागि चर्चामा रहेका सबै भ्रष्टाचारका काण्डहरुको छानवीन गर्न पूर्व प्रधानन्यायाधीशको संयोजकत्वमा निष्पक्ष छानवीन आयोग बनाऔं, आयोगले काम गर्न थालेपछि बल्ल नागरिकमा आशा जाग्छ।'

सांसद केसीले भ्रष्टाचार नियन्त्रणका लागि ५ सय र एक हजार दरका नोटमा प्रतिबन्ध लगाउनुपर्ने बताए। नेताहरुका घरमा बोराका बोरा पैसा छ भन्ने नागरिकमा धारणा रहेको उल्लेख गर्दै ५ सय र एक हजार दरका नोटमा प्रतिबन्ध लगाएपछि को सँग कालो धन छ भन्ने पत्ता लाग्ने बताए।

सांसद केसीले सरकारले ल्याएको भूमिसम्बन्धी र सुशासनसम्बन्धी अध्यादेश आपत्तिजनक रहेकाले फिर्ता हुनुपर्ने बताए। यी दुई अध्यादेशले नीतिगत भ्रष्टाचार बढाउने र स्वार्थ समूहलाई वैधानिक ढंगले फाइदा पुऱ्याउने केसीले तर्क गरे। उनले सामान्य अवस्थामा संसद छलेर अध्यादेश ल्याउनु प्रकृयागतरुपमै गलत भन्दै प्रतिस्थापनमार्फत् विधेयक ल्याएर संसदमा व्यापक छलफल र संशोधन गरेर पारित गर्नुपर्ने बताए। 'संसद बस्न नसक्ने असामान्य र विशेष परिस्थितिमा मात्र अध्यादेश ल्याउने हो, तर अहिले त्यस्तो थिएन,' केसीले भने-'संसदीय प्रकृया मिचेर ल्याइएको छ, यो अलोकतान्त्रिक हो, गलत हो, अब प्रतिस्थापन विधेयक ल्याएर संसदमा छलफल हुनुपर्छ।'

केसीले पार्टीको १५औं महाधिवेशनसकेसम्म ०८२ भित्र र नभए ०८४ का निर्वाचन अगाडि नै हुनुपर्ने बताएका हुन्। विशेष अवस्थामा ६ महिना थपे पनि चुनावलाई असर गर्ने भएकाले महाधिवेशन २०८३ मंसिरभित्र हुनुपर्ने धारणा राखे।

उनले निर्वाचनपछि महाधिवेशन गर्नु उपयुक्त नहुने र यसले पार्टीको वैधानिक अस्तित्वमा नै संकट आउने बताए। उनले १४औं महाधिवेशनमा रहेको समूहलाई नै अगाडि बढाउनुपर्ने बताउँदै आफू नेतृत्व गर्न तयार रहेको संकेत पनि गरे।

नेता केसीले आफूले उठाएका एजेन्डामा अरू नेताहरू सहमत नभए नेतृत्वको लागि तयार भएको बताए।

## नाम थर एउटै भएको सूचना

विष्णुपुरा-२, वाणगंगा, कपिलवस्तु निवासी इण्डिया आर्मीको नायक पदको भिमबहादुर क्षेत्री आर्मी नं. ५८३७०१४N.K को भारतीय पेन्सट पट्टामा श्रीमतीको नामथर बल्ली भएको र नेपाली नागरिकतामा कुन्तादेवी नेउपाने भएकोमा दुवै नाम थर भएको व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।



कुन्तादेवी नेउपाने

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**कपिलवस्तु, तौलिहवा**

सूचना प्रकाशित मितिः २०८१/११/१२

**प्रमाणित गरिएको।**





जिल्ला अन्तर्गत बाणगंगा नगरपालिका वडा नं. ४ बस्ने रुद्र बहादुर पल्ली मगरको छोरा भारतीय पेन्सनर No. 9414806M का टेक बहादुर पल्ली मगरले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार निजको र निजको पत्नीको भारतीय पेन्सनपट्टा र नेपाली नागरिकता प्रमाणपत्रमा नामथर र जन्म मिति फरक-फरक भएतापनि तपसिल बमोजिमको भएको व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको भनी बाणगंगा नगरपालिका, ४ नं. वडा कार्यालयको च. नं. १८२२ मिति २०८१/११/११ गतेको सिफारिस पत्र र निज टेक बहादुर पल्ली मगरले यस कार्यालयमा उपस्थित भई गरेको स्वघोषणाको आधारमा सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ।

तपसिलः

| नागरिकतामा भएको नामथर र जन्ममिति | नाता | भारतीय पेन्सन अभिलेख कागजातमा भएको नामथर र जन्म मिति |
|---|---|---|
| टेक बहादुर पल्ली मगर<br>जन्म मितिः २०११/०२/१६ | निवेदक (पति) | टेक बहादुर राई TEK BAHADUR RAI<br>जन्म मितिः 06-08-1959 |
| बाटुली पल्ली मगर<br>जन्म मितिः २०२०/०१/२८ | पत्नि | मिनु माया राई MEENU MAYA RAI<br>जन्म मितिः 13-03-1959 |

**प्रमुख जिल्ला अधिकारी**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीका लागि यो मूल्य सूची प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | माल वस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | उत्पतिको मूलक | अधिकतम खुद्रा बिक्री मूल्य इकाई (NPR) |
|---|---|---|---|---|---|---|
| 1 | Kitchen Chimney | Medium | IMPERIOUS (IM-01) | HC9003 | CHINA | 9749 |
| 2 | Kitchen Chimney | Medium | IMPERIOUS (IM-05) | HA9011 | CHINA | 8990 |
| 3 | Kitchen Chimney | Medium | IMPERIOUS (IM-09) | HC9004 | CHINA | 7990 |
| 4 | Kitchen Chimney | Medium | IMPERIOUS (IM-12) | HT9012 | CHINA | 9295 |

**बिक्रेता फर्मको नामः इम्पेरियस इन्टरनेशनल प्रा. लि.**
**ठेगानाः बुटवल -११, रुपन्देही, नेपाल**
**एक्जिम कोडः 6096629620122NP**
**स्थायी लेखा नः 609662962**
**फोन नः 9857038355**

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।११।१२ गते पाल्हीनन्दन ५ देखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** सुनिता चमार
**ठेगाना :** पाल्हीनन्दन – ५, नवलपरासी
**बिमा लेख नं :** २५११३४८१०
**मोबाईल नं :** ९८६७४९७२००

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।११।११ गते पाल्हीनन्दन ५ देखि परासी आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम :** शर्मिला यादव
**ठेगाना :** पाल्हीनन्दन– ५, नवलपरासी
**बिमालेख न :** २५११३५६८७
**मोबाइल न :** ९८१२९९६५६५

## Airawati Rural Municipality
## Office of the Rural Municipal Executive
Baraula, Pyuthan

# INVITATION FOR BIDS

**ONLINE/BIDS**
**Notice NO:036/081-082**
**Date of Publication: 2081/11/21 B.S (5th March 2025 AD)**

Office of the Rural Municipal Executive, Baraula Pyuthan has Received Grant from **GON** for Following Different Construction Project**.**

Airawati Rural Municipality Baraula, Pyuthan intends to apply the funds to cover eligible payments under the Contract for Construction of works and further ORME Baraula, Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders.

The ORME Baraula,Pyuthan invites online bids from registered eligible bidders for Following Different Construction Project**.**

1. The Bidder having valid firm Registration, VAT/PAN Registration Certificates, Tax Clearance Certificate up to **FY 2080/081** are Eligible for Bidding.
2. Interested eligible Bidders may obtain further information at Airawati Rural Municipality Office, Baraula Pyuthan Phone No. **9851066850** or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
3. Bidder must purchase the bidding documents as mentioned above or within **2081/12/22 (04-04-2025) 12:00** from PPMO's Web Site https://bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of **3000.00** (Three Thousands) of bidding document in the ORME Baraula,Pyuthan's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of Bank: **Nepal Investment Mega Bank Ltd.**
   Name of Office: Airawati Rural Municipality, Baraula Pyuthan
   **Revenue Account:18201400000079**
   **Deposit Account: 18201400000031**
4. Bidders must submit their bid on or before **12:00** hrs on **2081/12/22 (04-04-2025)** electronically through E-Procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp as specified in the Instruction to Bidders. Documents received after deadline will not be Accepted.
7. The bids will be opened at **13:00** hrs on **2081/12/22 (04-04-2025)** physically and electronically in the presence of Bidders' representatives who choose to attend at office of the Rural Municipal Executive Baraula Pyuthan
8. Bid Security must be valid for a period of 120 days after the deadline for bid submission date & must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.
9. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| S N | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT & Contingencies) | Bid Security Amount | Bid Document Cost | Remark |
|---|---|---|---|---|---|---|
| 1 | 10/ARM/ NCB/ 2081-082/S-WORKS | Construction of Painting & Paving Works of Moti Secondary School | 3182179.15 | 90000.00 | 3000.00 | NCB |
| 2 | 11/ARM/ NCB/2081-082/R-WORKS | ChukaChedaghat Airawati Road Upgrading Works On ChukaLasunekhola Section | 5673799.20 | 160000.00 | 3000.00 | NCB |

**Chief Administrative Officer**

## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तिलोत्तमा, रुपन्देही

## स्थानीय पाठ्यपुस्तक छपाई तथा बिक्री वितरण गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/११/२१**

यस नगरपालिकाको आ.व.२०८१।८२ को लागि शिक्षातर्फ स्थानीय विषय हाम्रो तिलोत्तमा कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तक चार रगंमा छपाई गर्ने कार्यक्रम रहेको हुँदा यस नगरपालिकामा सूचिकृत भएका उक्त कार्य गर्न चाहने इच्छुक फर्म/ कम्पनी / संस्थाहरुबाट पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरिएको दररेटमा नबढ्ने गरी आवरण पृष्ठ सहित प्रति पृष्ठ छपाई तथा विक्री वितरण गर्न सक्ने न्यूनतम दर कायम गरी ३० दिन कार्यालय समयभित्रमा शिलबन्दी प्रस्ताव पत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क) प्रस्तावसँग देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ,
१. फर्म र कम्पनी र संस्थाको दर्ता नवीकरण प्रमाणपत्रको प्रतिलिपि
२. आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
ख) स्पेसिफिकेसन

| क्र.सं. | सामग्री | आकार | अक्षरमा रंग | कागजको तौल | कागजको गुणस्तर | आवरण पृष्ठको रंग | आवरण पृष्ठको गुणस्तर | बेन्डिङ | अधिकतम मूल्यप्रति पृष्ठ रु. | प्रस्ताव सुरक्षाण धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक | १८X२४ CM | ४ | ७० ग्राम | Woodfree, 90+ Brightness | ४ | २५० ग्राम Art Board | Stitch and Glue Binding | १.४५ | ९५०००।- |

ग. १. प्रस्ताव छनौट गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ।
२. छपाईका लागि छनौट भएको फर्म र कम्पनी र संस्थाले आफ्नै लगानीमा छपाई कार्य गरी आफैँले बिक्री वितरण गर्नुपर्नेछ।
३. छपाईका लागि छनौट भएको फर्म र कम्पनी र संस्थाले कम्तिमा २ शैक्षिक सत्रका लागि पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेछ।
४. प्रस्तावको सुरक्षण बापत धरौटी यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पत्र पेश गर्नुपर्नेछ।
५. प्रस्ताव पत्रमा बोलकबोल रकम राख्दा दशमलब पछाडि कम्तिमा ४ अंक सहितको दररेट पेस गर्नुपर्नेछ।
६. दर्ता हुन आएका प्रस्तावहरु ३१ दिनको दिउसो २ बजे यस कार्यालयमा खोलिनेछ।
घ. भुक्तानी प्रक्रिया
१. छपाईका लागि छनौट भएको फर्म र कम्पनी र संस्थाले पाठ्यपुस्तक बिक्री गरिसकेपछि विद्यालय वा अभिभावकबाट भुक्तानी लिर्नुपर्नेछ।

**नारायण अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

दैनिक लुम्बिनी

# अक्सफोर्ड कलेजमा मेगा फुड फेस्टिभल र रक्तदान






बुटवल । अक्सफोर्ड कलेजको स्नातक तह पढाई हुने ब्लक बुटवल शिवनगरमा तेस्रो मेगा फुड फेस्टिभल, लाइभ कन्सर्ट र रक्तदान भएको छ । कलेजमा ब्याचलर इन होटेल म्यानेजमेन्ट (बीएचएम) अध्ययनरत विद्यार्थीहरुको आयोजनामा मंगलबार फुड फेस्टिभलसँगै लाइभ कन्सर्ट र रक्तदान कार्यक्रम भएको हो ।

उक्त कार्यक्रममा बोल्दै त्रिभुवन विश्व विद्यालयअनुसन्धान केन्द्रका पूर्व निर्देशक डा. कृष्णचन्द्र शर्माले विद्यार्थीहरुलाई सैद्धान्तिकभन्दा पनि व्यवहारिक ज्ञान सिकाउनु अति आवश्यक रहेको बताए ।

व्यवस्थापन समितिका अध्यक्ष डा. अजित खनालले अक्सफोर्डले विद्यार्थीहरुलाई सैद्धान्तिक शिक्षामा मात्रै केन्द्रित नगरी हरेक क्षेत्रमा दक्ष बनाउन विभिन्न अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने गरेको बताए ।

पाठ्यक्रमको ज्ञानसँगै सीपमूलक र व्यवहारिक शिक्षालाई प्राथमिकता दिने उद्देश्यका साथ कजेलले हरेक वर्ष वृहत् फुड फेस्टिभल तथा सांगीतिक कार्यक्रमको आयोजना गरेको क्याम्पस प्रमुख मनोज मरासनीले जनाए ।

कलेजमा बीएचएम अध्ययनरत विद्यार्थी इन्टर्नसीपको लागि युरोपका विभिन्न मुलुकसहित थाइल्याण्ड, कतार, युएईलगायतका देशमा समेत जाने गरेको क्याम्पस प्रमुख मरासिनीले बताए । त्यहाँ सिकेको ज्ञान र सीपसँगै विद्यार्थीहरुले आम्दानी समेत गर्न थालेको उनले जनाए ।

कलेजले फुड फेस्टिभलसँगै आयोजना गरेको रक्तदानमा ५१ युनिट रगत सङ्कलन गरेको कार्यक्रम संयोजक विष्णु खनालले बताए । रक्तदान रक्त सञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको थियो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका सदस्य धर्म पौडेल, प्राचार्य दिनेश भुसाल, प्राध्यापक विवेक न्यौपाने, विद्यार्थीहरू आकृति सुवेदी, विपिन खत्री, सोन्मा गुरूङ, मेघना सिंह, दिक्षा भट्टराई र प्रकृति न्यौपानलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

फुड फेस्टिभलमा विद्यार्थीहरुले रेष्टुरेण्टमा पाइने खाजाका परिकार तयार गरेर बिक्री गरेक थिए । विद्यार्थीहरुले तयार पारेका परिकारको मूल्य न्यूनतम राखिएको बीएचएम/बीआइएम कार्यक्रमका संयोजक ओमबहादुर खत्रीले बताए । लाइभ कन्सर्ट कार्यक्रममा विद्यार्थीहरुले आफ्ना विभिन्न सांगीतिक प्रस्तुतिहरु प्रदर्शन गरेका थिए ।

कार्यक्रममा कलेजले आयोजना गरेको फुटसल, वेभ डिजाइजनमा उत्कृष्ट हुने विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो ।

२०५९ सालमा स्थापना भएको कलेजबाट २०६७ मा बीएडतर्फ नेपाल प्रथम, बीबीएसतर्फ नेपाल द्वितीय भएको थियो ।

त्यस्तैगरी २०७९ मा बिएचएम तेस्रो सेमेस्टरतर्फ नेपाल प्रथम, बिआइएम फस्ट सेमेस्टरमा लुम्बिनी प्रदेश प्रथम, बीआइएम पाँचौं सेमेस्टरमा पनि लुम्बिनी प्रदेश प्रथम र बीबीएस चौथो वर्षमा समेत नेपाल द्वितीय हुन सफल भएको विभागीय प्रमुख विष्णु बस्यालले बताए । कलेजको स्नातक तहमा मात्रै १२ सय बढी विद्यार्थी अध्ययनरत रहेका छन् ।

# सैनामैना गोल्डकपमा फर्साटिकार क्वाटर फाइनलमा



सैनामैना । रुपन्देहीको सैनामैनामा जारी प्रथम सुनगाभा सैनामैना गोल्डकप फुटबल प्रतियोगितामा विभागीय टिम नेपाल पुलिस क्लबलाई हराउँदै रुपन्देहीको फर्साटिकर क्लब क्वाटर फाइनलमा प्रवेश गरेको छ ।

मुर्गिया फुटबल क्लबको आयोजनामा सैनामैना रंगशालामा जारी प्रतियोगिताअन्तर्गत मंगलबारको खेलमा फर्साटिकारले नेपाल पुलिसलाई २-० ले हराउँदै क्वाटर फाइनलमा प्रवेश गरेको हो ।

फर्साटिकारको जितमा पहिलो हाफको २९औं र दोस्रो हाफको ६४औं मिनेटमा गणेश हमालले एक्लै गरेको २ गोल नै निर्णायक भएको थियो ।

हमाल खेलको म्यान अफ द म्याद घोषित हुँदै नगद पाँच हजार प्राप्त गरेको खेल संयोजक अशोक खड्काले जानकारी दिए ।

बुधबार एपीएफ क्लब र अभिषेक चर्च रजहर नवलपुरबिच दिउँसो ३ बजे खेल हुने टिम संयोजक श्री दर्लामीले बताए ।

दुई विभागीय, भारत सिक्किमको एकसहित १० टिमले भाग लिएको प्रतियोगिताको उपाधि विजेताले नगद ७ लाख, उपविजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

यस्तै सेमिफाइनलमा पुगेर बाहिरिएका दुई टिमलाई नगद ४०/४० हजार रुपैयाँ, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट मिडफिल्डर, राईजीङ प्लेयर र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँका दरले नगद पुरस्कार दिइने क्लबका अध्यक्ष प्रविन भारीले बताए ।

## स्थानीय सरकार
## रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

परासी , नवलपरासी (ब.सु.प)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**( सूचना प्रकाशित मिति २०८१/११/२१ )**

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेटअनुसार तल उल्लेखित स्थानमा तपसिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले विभिन्न मितिमा www.bolpatra.gov.np/egp मार्फत् बोलपत्र आव्हान गरिएकोमा सूचनाअनुसार रीतपूर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित फर्महरु सारभूत रुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशय पत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुलाई समेत सोही व्यहोरा जानकारी गराउन सकिने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नामतथा स्थान | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|
| 1 | RAM/EB/081 /082/10 | Nawalparasi jilla Ramgramwada no 17 ma swasthyachauki bhawan nirman | Raj NirmanSewa, Ramgram 07, Nawalparasi | Rs. 26,24,891.50 |
| 2 | RAM/EB/081 /082/11 | Wada no 15 ko wada Karyalaya bhawan nirman | Raj NirmanSewa, Ramgram 07, Nawalparasi | Rs. 22,43,108.75 |
| 3 | RAM/EB/081 /082/12 | Wada no 16 ko wada Karyalaya bhawan nirman | Raj NirmanSewa, Ramgram 07, Nawalparasi | Rs. 22,10,321.00 |
| 4 | RAM/EB/081 /082/13 | AdhuroNaala nirman Jamuwad, Ward no 11 | Raj NirmanSewa, Ramgram 07, Nawalparasi | Rs. 13,83,080.00 |
| 5 | RAM/EB/081 /082/14 | Khanepani Tanki, Laxmipur, Ramgram 10 | Kushal NirmanSewa, Sandhikharka 02, Argakhachi | Rs. 1,06,59,159.51 |

**प्रमुख प्रशासकीय अधिकृत**

# सुधारिएको चुलो बाँड्न सिद्धार्थनगरको सम्झौता



भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिका र नेपाल ट्रेजर कार्वन लिमिटेडबिच नगरका ग्रामीण तथा परम्परागत चुलो प्रयोग गर्दै आएका घर परिवारमा सुधारीएको चुलो वितरण गर्न सम्झौता भएको छ ।

कार्वन कम उत्सर्जन कम गरी जलवायु परिवर्तनको असर कम गर्ने उद्देश्यले स्थापन भएको यो संस्थाले खाना पकाउदाँ दाउरा तथा गुइँठा प्रयोग कम गर्न सुधारीएको चुलो वितरण गर्ने गर्दछ । नगरपालिकामा पनि त्यस्ता घर परिवारको एकीन गरी सुधारीएको चुलो वितरण गर्न मंगलबार सिद्धार्थनगर पालिकाका प्रमुख इशितयाक अहमद खाँ र संस्थाको तर्फबाट ट्रेजर कार्वन लिमिटेड नेपालका प्रमुख स्टेभेनले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौतापछि उक्त संस्थाले नगरपालिकाको सहयोगमा सुरुमा परम्परागत चुलो प्रयोग गर्ने घर परिवारको छनौट गर्नेछ । छनौटपश्चात् सम्झौताको ६ महिनाभित्र सुधारीएको चुलो वितरण गर्ने लक्ष्य लिइएको संस्थाकी प्रबन्ध निर्देशक समीक्षा बरालले जानकारी दिइन ।

उनका अनुसार यो चुलोको प्रयोगले साठी प्रतिशत दाउरा तथा गुइँठाको प्रयोग कम गर्ने छ । जसबाट कम दाउराको प्रयोगमा छिटो खाना पाक्नुका साथै कार्वन उत्सर्जनमा पनि कमी ल्याउने छ । सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इशितयाक अहमद खाँले नगरवासीको स्वास्थ्यमा सुधार ल्याउने, वातावरण प्रदूषण कम गर्ने एवं खाना पकाउँदा दाउरा, गुइँठाको लागत कम गर्ने उद्देश्यले नगरवासीलाई आधुनिक एवं सुधारिएको चुलो वितरण गर्न संस्थासँग सहकार्य गरिएको जानकारी दिए ।

# बुटवलमा आइटी बिजनेस कस्टमर समिट हुँदै

बुटवल । क्यान महासंघ रूपन्देहीले बुटवलमा फागुन २६ र २७ गते बिजनेस कस्टमर समिट २०२५ आयोजना गर्ने भएको छ । मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरेर क्यानले यसबारे जानकारी दिएको हो । क्यान रूपन्देही अध्यक्ष जीवन अधिकारीले ब्रान्ड लक्षित कार्यक्रमलाई यो प्रदशर्नीमा ध्यान दिइएको बताए ।

आइटिको चासो राख्नेलाई जतिसक्दो सहभागी गराउने लक्ष्य रहेको, तर यसमा आर्थिक कारोबारको कुनै लक्ष्य नरहेको उनले बताए । समिटमा निःशुल्क प्रवेशको व्यवस्थापन गरिएको छ । क्यान महासंघका केन्द्रीय सदस्य तथा रुपन्देहीका पूर्व अध्यक्ष नारायणप्रसाद श्रेष्ठले नयाँ प्रविधि के हो ? भन्ने विषयमा नयाँ कन्सेप्ट लिएर कार्यक्रम गर्न लागेकोले सबैलाई सहभागिताका लागि आग्रह गरे ।

क्यानका वरिष्ठ उपाध्यक्ष वीरबहादुर क्षेत्रीले विगतमा क्यान इन्फोटेक गर्दै आएकोमा अहिले नयाँखालको कार्यक्रम ल्याएको बताए । अवलोकनकर्तालाई विश्व बजारका प्रविधिको विषयमा जानकारी दिने मुख्य उद्देश्य रहेको उनको भनाइ छ ।

समिटमा करिब ५ हजारले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com